नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# सूचना तथा प्रसारण विभाग
(प्रशासन तथा प्रेस शाखा)

प.सं. ०७६।७७
च.नं. ९०८

मिति : २०७७/०३/१४

**श्री सम्पूर्ण सञ्चारमाध्यमहरू ।**

**आ.व. २०७७/७८ का लागि दरबन्दी र श्रमजीवी विवरण पठाउनेसम्बन्धी**

## अत्यन्त जरुरी सूचना ।

श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ तथा नियमावली, २०५३ र प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र वितरण) कार्याविधि, २०७१ को दफा ३३ बमोजिम प्रत्येक वर्ष सञ्चार प्रतिष्ठानले आफ्नो प्रतिष्ठानमा रहेका दरबन्दीको तहगत विवरण र श्रमजीवी पत्रकार, कर्मचारी, कामदारहरुको विवरण प्रेस रजिष्ट्रार (सूचना तथा प्रसारण विभाग) समक्ष पठाउनुपर्ने व्यवस्था छ ।

यसै सन्दर्भमा आ.व. २०७७/७८ को लागि सञ्चार प्रतिष्ठानमा (पत्रपत्रिका, टेलिभिजन, एफएम रेडियो र अनलाइन) स्वीकृत दरबन्दी र श्रमजीवी विवरण यस विभागको वेवसाइट www.doinepal.gov.np मा रहेको **अनलाइन सेवा** मार्फत भरी २०७७ असार मसान्तभित्र पठाउनुहुन अनुरोध छ ।

- आगामी आ.व. २०७७/७८ का लागि विभागमा बुझाउने दरवन्दी र श्रमजीवी विवरण विभागको वेभसाइट www. doinepal.gov.np मा गई **अनलाइन सेवा** मार्फत भर्नुपर्नेछ ।
- आगामी आ.व. २०७७/७८ का लागि निर्धारण गरिएको दरवन्दी विवरण एकैपटक बुझाउनु पर्नेछ । विवरणमा उल्लेखित रिक्त पदमा भने पछि श्रमजीवी नियुक्त गरी पेश गर्न सकिनेछ ।
- **५ जना भन्दा बढी दरबन्दी** भएको सञ्चारगृहहरुले दरबन्दी विवरण पठाउँदा निम्न विवरण **अनिवार्य** भरेको हुनुपर्ने ।
    - तलबी विवरण (Pay Roll) को प्रमाणित प्रतिलिपि,
    - तलब भुक्तानीको लागि सम्बन्धित बैंकलाई लेखिएको बैंकद्वारा प्रमाणित पत्र,
    - सञ्चार प्रतिष्ठानहरुले सञ्चार माध्यम दर्ता प्रमाणपत्र र सो प्रमाणपत्र नवीकरण गर्नुपर्ने भएमा नवीकरण भएको प्रमाणपत्र अनलाइन सेवामा नै **अनिवार्य** अपलोड गर्नुपर्ने छ ।
- श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ५ को व्यवस्था अनुसार कुल दरबन्दीको १५% मात्र करार सेवामा नियुक्त गर्न सकिने छ ।
- तोकिएको ढाँचा भन्दा भिन्न रुपमा भरिएका विवरणहरु दर्ता गरिने छैन ।
- विवरण भर्दा सावधानीपूर्वक यथार्थ विवरण भरी एकिन गरी पठाउनुपर्ने छ । गलत विवरण पठाएमा सम्बन्धित सञ्चार प्रतिष्ठान जिम्मेवार रहनेछ ।
- विवरण भरिसकेपछि **Confirmation Number** प्राप्त हुनेछ । सो नम्बरबाट विवरण हेर्न, प्रिन्ट गर्न र रिक्त दरबन्दीमा श्रमजीवी थप गर्न सकिनेछ । **Confirmation Number** सुरक्षित राख्नु होला ।

०७७/०३/१४
**बसन्त बहादुर खत्री**
**(शाखा अधिकृत)**

**बोधार्थ:**
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

**बोधार्थ तथा कार्यार्थ:**
श्री नेपाल पत्रकार महासंघ, केन्द्रीय कार्यालय, काठमाडौं: तहाँ अन्तर्गत सम्पूर्ण जिल्ला शाखा र सञ्चार प्रतिष्ठानहरुलाई जानकारी गराइदिनुहुन ।


फोन: ४११२५५४, ४११२७७७, ४११२५५१, ४११२७५३, ४४११८१६, फ्याक्स : ४११२६५२, सञ्चारग्राम, काठमाडौं ।